# मिति २०७८/०९/२८गते बुधबार ११७ औं कार्यपालिका बैठक

प्रस्तावहरुः

१. माघी पर्वको शुभकामना सम्बन्धमा ।

२. आ.व.२०७७/०७८को संस्थागत क्षमता स्व-मूल्याङ्कनको नतिजा अनुमोदन सम्बन्धमा।

३. राष्ट्रिय भूमि आयोगसँगको कार्य सहमति पत्रमा हस्ताक्षर गरिएको सम्बन्धमा ।

४. नेपाल उर्जा विकास कम्पनी (प्रा.)लि. को(Waste to Energy) म्याद थप सम्बन्धमा ।

५. ह्युमपाइप खरिद गर्ने सम्बन्धमा ।

६. नदिजन्य पदार्थ उत्खनन सम्बन्धमा ।

७. दाङ वेलनेस हस्पिटल फाउण्डेशनलाई आईसोलेसन सेन्टर स्थापनाका लागि आवश्यक सहयोग र सिफारिस गर्ने सम्बन्धमा ।

८. राष्ट्रिय लोक दोहोरी गित प्रतिष्ठान नेपाल ,जिल्ला कार्य समिति दाङलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

९. वडा नं. १८ स्थित कालिका भगवती मन्दिरको पुजा खर्च उपलब्ध गराउने सम्बन्धमा ।

१०. आर्थिक सहयोग सम्बन्धमा ।

११. आ.व. २०७८/०७९का लागि स्वीकृत योजना तथा कार्यक्रमको बजेट बाँडफाँड सम्बन्धमा ।

१२. आयुर्वेद स्वास्थ्य संस्था स्थापना सम्बन्धमा ।

**निर्णय नं. १**

नेपालीहरुको महान पर्व मकर संक्रान्ति २०७८ तथा थारु सम्वत २६४५ को पावन अवसरमा सम्पूर्ण नगरबासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै कोरोनाको जोखिम कायम रहेकोले स्वास्थ्यका मापदण्ड पूर्णरुपमा पालना गर्दै चाड मनाउन सबै नगरबासीहरुमा अनुरोध गर्ने ।

**निर्णय नं. २**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौबाट मिति २०७७ मंसिर ३ गते माननीय मन्त्रीस्तरीय निर्णयबाट पारित स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि २०७७(संशोधन सहित) अनुसार यस घोराही उपमहानगरपालिकाको आ.व. २०७७/०७८ को संस्थागत क्षमता स्व-मूल्याङ्कन सम्बन्धमा पृष्ठपोषणका लागि मिति २०७८ पौष २१ गते बुधबारका दिन जिल्ला समन्वय समिति दाङमा पठाइएको र जिल्ला समन्वय समिति दाङबाट प्राप्त पृष्ठपोषण अनुसार थप कागजात समेत समावेश गरी जिल्ला समन्वय समिति दाङमा पुनः पृष्ठपोषणका लागि पठाइएकोमा अन्तिम पृष्ठपोषण सहित प्राप्त नजिता माथि नगरकार्यपालिकाको बैठकमा छलफल गरियो ।नतिजाअनुसार कमजोर देखिएका विषयक्षेत्रमा आगामी दिनमा कार्ययोजना सहित कार्यक्रमगत रुपमा कार्यान्वयन गर्ने संकल्प सहित पेश भएको संस्थागत क्षमता स्व-मूल्याङकन नतिजा अनुमोदन गरी सार्वजनिकीकरण गर्ने ।

**निर्णय नं. ३**

राष्ट्रिय भूमि आयोगको मिति २०७८ साल पौष २० गतेको निर्णयानुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ३ बमोजिम सम्झौता गर्न सोही कार्यविधिको अनुसूची १ बमोजिमका मिति २०७८।०९।२४ गते दरबार ब्याकवेट सोल्टीमोड काठमाण्डौमा आयोजित सहमति पत्र हस्ताक्षर कार्यक्रममा यस उपमहानगरपालिकाको तर्फबाट नगर प्रमुख श्री नरुलाल चौधरी र प्रमुख प्रशासकीय अधिकृत श्री ऋषिराम के.सी.ज्यूबाट कार्य सहमति पत्रमा हस्ताक्षर गरिएको व्यहोरा जानकारी गराइयो ।साथै भूमि सम्बन्धी जग्गाको नापजाँचको कार्य आगामी माघको पहिलो साताबाट तत्काल शुरु गर्ने ।

**निर्णय नं. ४**

यस घोराही उपमहानगरपालिका र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र नेपाल उर्जा विकास कम्पनी (प्रा.लि.) विच सम्झौता भई घोराही उपमहानगरपालिका वडा नं. १६ स्थित निर्माणाधीन Waste to Energy कार्यक्रम २०७८ मार्ग मसान्तसम्म सम्पन्न हुनुपर्नेमा विविध समस्याको कारणले काममा बाधा पर्न गएकोले निर्धारित समयमा काम सम्पन्न हुन नसकेको हुँदा म्याद थपका लागि नेपाल उर्जा विकास कम्पनी (प्रा.)लि. को च.नं. १७८/०७८/७९ मिति २०७८।०८।१९ गतेको पत्रबाट अनुरोध भई आएको र निर्माण कार्य समेत अन्तिम चरणमा पुगेको देखिएकोले अन्तिम पटकका लागि २०७८ चैत्र मसान्तसम्म निर्माण सम्पन्न समयावधी थप गर्ने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकालाई पूर्वाधार निर्माणमा आवश्यक पर्ने ह्युमपाइप नगरस्तरीय बजेटबाट खरिद गर्ने गरी चालु आ.व.मा टेण्डर आह्वान गरिएको र प्रयास कंक्रिट पोल एण्ड ह्युमपाइप सप्लायर्सले पेश गरेको दररेट स्वीकृत भई आपूर्ति समेत भैसकेको हुँदा वडा स्तरीय बजेटबाट ह्युमपाइप खरिद गर्दा सोही दररेट भन्दा बढी नहुने गरी खरिद गर्ने व्यवस्था मिलाउन पूर्वाधार विकास तथा भूमि व्यवस्थापन महाशाखालाई जिम्मेवारी दिने ।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाको क्षेत्रभित्र रहेका र प्रारम्भिक वातावरणीय परिक्षण भएका खोला/नदीघाटबाट नदिजन्य पदार्थ बिक्री वितरण गर्न प्रथम पटक मिति २०७८।०७।१५ गते ठेक्का आह्वान गरिएकोमा केही नदीघाटको मात्र ठेक्का लागेकोले पुनः दोस्रो पटक मिति २०७८।०९।११ गते ठेक्का आह्वान गर्दा समेत ठेक्का लाग्न नसकेका नदिघाटका नदिजन्य पदार्थ बिक्रीका लागि नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि बमोजिम सम्बन्धित स्थानीय तहले अमानतमा बिक्री वितरण गर्न सक्ने कानूनी व्यवस्था अनुसार कार्यविधिमा व्यवस्था भए अनुसारको दररेटमा अमानतबाट बिक्री वितरण गर्ने व्यवस्था मिलाउन राजश्व व्यवस्थापन शाखालाई जिम्मेवारी दिने ।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र यस दाङ वेलनेश हस्पिटल फाउण्डेशनले कोभिड १९ को महामारी फैलिएको समयमा विरामीहरुको उपचारको लागि आईसोलेसन सेन्टर स्थापना गर्न राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङ, घोराही उपमहानगरपालिका र लुम्बिनी प्रदेश सरकारको सहयोग समन्वय तथा निगरानीमा संयुक्त रुपमा सञ्चालन गर्न आवश्यक सहकार्यका लागि दाङ वेलनेश हस्पिटल फाउण्डेशनको मिति २०७८।०९।२६ को पत्रबाट अनुरोध भई आएकोले घोराही उपमहानगरपालिकाको तर्फबाट उक्त फाउण्डेसनसँग सहकार्य गर्ने साथै आर्थिक सहयोगका लागि लुम्बिनी प्रदेश सरकार समक्ष सिफारिस समेत गर्ने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका १३ नं. वडा कार्यालयको मिति २०७८।०८।०३ गते बसेको वडा समितिको बैठकले घोराही १३ स्थित वराह क्षेत्र खानेपानीको पर्खालदेखि उत्तरतर्फको ०-२-१० क्षेत्रफल रहेको जग्गा राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान नेपाल, जिल्ला कार्य समिति दाङलाई उपलब्ध गराउने निर्णय सहित सिफारिस भई आएकोले सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनिति २०७१ बमोजिम उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ९**

घोराही उपमानगरपालिका वडा नं. १८ मसिना स्थित कालिका भगवती मन्दिर तथा धर्मशालालाई पुजा खर्च वापत मासिक रु. २०००।–(दुई हजार) आर्थिक सहयोग उपलब्ध गराइदै आएकोमा यस आर्थिक वर्ष २०७८/०७९मा समेत सोही बमोजिमको आर्थिक सहयोग निरन्तरताका लागि १८ नं. वडा कार्यालयको च.नं. २२६६, मिति २०७८।०९।०५ गतेको सिफारिससाथ अनुरोध भई आएकोले घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी सो सहयोगलाई निरन्तरता दिने ।

**निर्णय नं. १०**

१०.१ घोराही उपमहानगरपालिका सरसफाई व्यवस्थापन शाखामा कार्यरत भा.स.चा. लाल बहादुर वि.क.को आमाको मृत्यू भएको र उहाँको आर्थिक अवस्था निकै कमजोर रहेकोले १३ दिने काजक्रियाका लागि आवश्यक आर्थिक सहयोगका लागि मिति २०७८।०९।१५ गते यस कार्यालयमा निवेदन दिनु भएकोले उहाँलाई आर्थिक सहयोग स्वरुप घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी रु. १५०००।– (पन्ध्र हजार) उपलब्ध गराउने ।

१०.२ नेपाल महिला स्वयंसेविका संघको चौथो अधिवेशनमा सहभागी हुन उक्त संघका प्रतिनिधि श्री माया चौधरी, कमला चौधरी, तारा सुवेदी, जिवा खनाल, दोर्णा वली, सुशिला बुढाथोकी, शान्ता के.सी. अधिवेशनमा सहभागी हुन जानुपर्ने भएकोले अधिवेशनमा जानका लागि आवश्यक खर्चको व्यवस्थाका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि नेपाल महिला स्वयंसेविका संघ घोराही नगर कमिटी घोराही दाङबाट मिति २०७८।०९।११ गते अनुरोध भई आएकोले उहाँहरुबाट माग भएको खर्च विवरण अनुसारको रकम रु. १७२५०(सत्र हजार दुई सय पचास) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिकाको आ.व. २०७८/०७९का लागि स्वीकृत बजेट तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि तपसिल अनुसार बजेट बाँडफाड गरी कार्यान्वयन गर्ने ।

| सि.नं. | स्वीकृत कार्यक्रम | विनियोजित बजेट | विनियोजित कार्यक्रम | विनियोजित बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कला साहित्य संस्कृति संरक्षण एवं प्रवर्द्धन सहयोग (सि.नं. १२६) | ५०००००।- | राष्ट्री साहित्य परिषद जिल्ला शाखाको दाङ साहित उत्सव कार्यक्रम | १५००००।- | पर्यटन तथा संस्कृति प्रवर्द्धन शाखा |
| | | | नेवा सेवा समिति- भाषा साहित्य संरक्षण | १०००००।- | |
| | | | कुसुण्डा भाषा संरक्षण कार्यक्रम | ५००००।- | |
| २ | माघी महोत्सव (संशोधित कार्यक्रम) | ५०००००।- | थारु कल्याणकारिणी सभा जिल्ला कार्यसमितिको माघी महोत्सव कार्यक्रम | ३५००००।- | |
| | | | थारु पत्रकार संघ जिल्ला कार्यसमितिको माघी महोत्सव कार्यक्रम | ५००००।- | |
| | | | नेपाल मगर संघ नगर कार्य समितिको माघी महोत्सव कार्यक्रम | १०००००।- | |

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिकामा आयुर्वेद, प्राकृतिक तथा होमियोप्याथी चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गर्नका लागि प्रदेश सरकारको सहकार्यमा यस उपमहानगरपालिकाको वडा नं. १५ स्थित उत्साह टोलमा रहेको शहरी स्वास्थ्य केन्द्रसँगै रहने गरी एकिकृत सेवा प्रदान गर्न आयुर्वेद स्वास्थ्य केन्द्र स्थापना गर्ने ।